# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख ३१ गते, २०८३ साल (अतिरिक्ताङ्क ८

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## कोशी योजना आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८३

कोशी योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम **"कोशी योजना आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८३"** रहेको छ।

(२) यो आदेश कोशी प्रदेश सरकारबाट स्वीकृत भएका मितिबाट प्रारम्भ हुनेछ।

२. **कोशी योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२ को दफा २ मा संशोधनः** कोशी योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) **"प्रदेश योजना आयोग"** भन्नाले कोशी प्रदेशमा दफा ३ बमोजिम गठित प्रदेश योजना आयोगलाई सम्झनु पर्छ।"

३. **मूल आदेशको अनुसूची-२ मा संशोधनः** मूल आदेशको अनुसूची-२ को द्रष्टव्यमा देहायको बुँदा थप गरिएको छः-

- "उपाध्यक्ष तथा दफा ३ को उपदफा (४) को खण्ड (ग) बमोजिमका सदस्यले वर्षमा एक पटक एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च पाउने छन्।"

४. **रुपान्तरणः** मूल आदेशको ठाउँ ठाउँमा रहेका "कोशी योजना आयोग" भन्ने शब्दहरूको सट्टा "प्रदेश योजना आयोग" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ।

स्वीकृत मिति : २०८३/०१/३१

आज्ञाले,
राजु प्रसाद गुरागाई
प्रदेश सचिव



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश